वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्ने सम्बन्धको प्रतिवेदन

वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनार्थ अनुमति प्रदान गर्ने सम्बन्धमा निम्न लिखित मापदण्ड बनाउन उपयुक्त हुने।

१. फलफूल (जडिबुटी, फूल समेत) मा आधारित भई वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्न पाईने/नपाईने क्षेत्र सम्बन्धमाः

अ) औद्योगिक प्रवर्द्धन बोर्डको १३२ औँ बैठकको निर्णयानुसार काठमाडौं उपत्यका एवं अन्य नगरपालिकाहरुमा नयाँ मदिरा एवं वियर उद्योग स्थापना गर्न पाईने छैन भनिएकोमा वाइन तथा साईडर उत्पादन गर्ने उद्योगको सम्बन्धमा काठमाडौं उपत्यकाको महानगरपालिका, उप-महानगरपालिका एवं नगरपालिकाहरु तथा अन्य उप-महानगरपालिकाहरु बाहेक अन्य नगरपालिकाहरुमा वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्न अनुमति प्रदान गर्न उपयुक्त हुने।

आ) औद्योगिक प्रवर्द्धन बोर्डको १७६ औँ बैठकले मझौला तथा ठूला स्तरका उत्पादनमूलक उद्योग अन्तर्राष्ट्रिय सिमानाको ५ कि.मि. बाहिर मात्र स्थापना गर्न पाईने निर्णय गरेको सम्बन्धमा वाइन तथा साईडर उत्पादन गर्ने उद्योगको सम्बन्धमा समेत यो प्रावधान यथावत कायम राख्ने।

इ) औद्योगिक प्रवर्द्धन बोर्डको १९० औँ बैठकको निर्णयानुसार लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित बाउण्ड्रीको दक्षिण तर्फ भारतिय सिमा सम्म र पूर्व, पश्चिम र उत्तर तर्फ उक्त बाउण्ड्री देखि १५ कि.मि. दुरि (Aerial Distance) भित्र वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापना गर्न पाईने छैन।

ई) वाइन तथा साईडर उत्पादन गर्ने उद्योग ऐतिहासिक महत्वका मठ-मन्दिर, राष्ट्रिय निकुञ्ज तथा नेपाल सरकारले मदिरा उद्योग स्थापना गर्न नपाईने भनि तोकेको क्षेत्र भन्दा ५०० मि. टाढा हुनु पर्नेछ। साथै उद्योग स्थापना गर्ने सम्बन्धमा संचालन रहेका सामुदायिक अस्पताल तथा सामुदायिक विद्यालय क्षेत्रको हकमा भने कम्तिमा १०० मि. टाढा हुनु पर्नेछ।

२. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, उद्योग दर्ता सम्बन्धमाः

अ) उद्योग दर्ता प्रयोजनको लागि वातावरण संरक्षण नियमावली – २०५४ ले निर्दिष्ट गरे बमोजिम १५ दिने सार्वजनिक सूचना प्रकाशन (राष्ट्रिय दैनिक पत्रिकामा) गर्नुका साथै सूचना टाँसको

मुचुल्का, छर-छिमेक/सँधियारको स्वीकृति सहितको मुचुल्का, सम्बन्धित गा.वि.स. को सिफारिस सहित IEE/EIA प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत गर्नु पर्नेछ।

आ) उद्योग सञ्चालन पूर्व IEE/EIA मा उल्लेखित Mitigation Measures हरु जडान गरे/नगरेको सम्बन्धमा सम्बन्धित विभागबाट स्थलगत निरीक्षण गर्नु/गराउनु पर्नेछ।

३. <u>वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाको अनुमति प्रदान गर्ने सम्बन्धमा विशेष व्यवस्थाः</u>

अ) वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाको अनुमति प्राप्त गर्न रु. १ (एक) लाख धरौटी वापत जम्मा गर्नुपर्नेछ। तर आफैँले फलफूल (जडीबुटी, फूल) समेत न्यूनतम ५० प्रतिशत सम्म खेती गरि आफ्नै फलफूल (जडिबुटी, फूल समेत) उत्पादन बाट मात्र वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाको अनुमति प्राप्त गर्न भने रु. ५०,०००।०० पचास हजार धरौटि वापत जम्मा गर्नु पर्नेछ। उक्त धरौटी अनुमति प्राप्त नभएमा वा उद्योगले व्यवसायिक उत्पादन गरे पश्चात मात्र फिर्ता गरिनेछ। अनुमति प्रदान गर्दा तथा उद्योग दर्ता गर्दा तोकिएका शर्तहरु तथा स्वीकृत मापदण्ड अनुरुप कार्य नगर्ने उद्योगले राखेको धरौटी जफत गरिनेछ।

आ) वाइन तथा साईडर उत्पादन गर्न स्थापना भै सकेको उद्योगको उद्देश्य थप/क्षमता वृद्धि अनुमति माग गर्दा आवेदन साथ रु. ५००००।०० (पचास हजार) धरौटी वापत जम्मा गर्नुपर्नेछ। उक्त धरौटी उद्देश्य थप/क्षमता वृद्धिको अनुमति प्राप्त नभएमा वा अनुमति प्रदान गरिएकोमा क्षमता वृद्धि अनुरुप व्यवसायिक उत्पादन शुरु भएको प्रमाणित पेश भए पश्चात् मात्र फिर्ता गरिनेछ।

इ) अनुमति प्राप्त व्यक्तिको नाममा उद्योगले व्यवसायीक उत्पादन नगरे सम्म कम्तीमा २० प्रतिशत शेयर कायम रहेको हुनु पर्नेछ।

ई) वाइन तथा साईडर उत्पादन गर्न अनुमति प्राप्त भएको मितिले २ (दुई) वर्ष भित्र उद्योगको निर्माण कार्य सम्पन्न गरी व्यवसायिक उत्पादन गरि सक्नुपर्नेछ। आफैंले फलफूल (जडिबुटि, फूल समेत) खेति गरि आफ्नै न्यूनतम ५० प्रतिशत सम्म फलफूल (जडिबुटि, फूल समेत) उत्पादन बाट वाइन तथा साईडर उत्पादन गर्ने उद्योगको सम्बन्धमा भने अनुमति प्राप्त भएको मितिले ४ (चार) वर्ष भित्र उद्योगको निर्माण कार्य सम्पन्न गरी व्यवसायिक उत्पादन गरि सक्नु पर्नेछ।

तर मनासिव माफिकको कारण दर्शाइ अनुमति प्राप्त व्यक्ति, संस्थाबाट निवेदन प्राप्त भएमा ६/६ महिना गरी थप ४ (चार) पटक सम्म म्याद थप गरिदिन सक्नेछ।

४. <u>भौतिक संरचना एवं प्रविधिक पक्षः</u>

अ) वाइन तथा साईडर उत्पादन गर्ने उद्योग स्थापनाका लागि न्यूनतम १,५०० (पन्ध्र सय) वर्ग मि. जमिन हुनु पर्नेछ ।

आ) आफैंले फलफूल (जडिबुटि, फूल समेत) खेति गरि आफ्नै न्यूनतम ५० प्रतिशत सम्म फलफूल (जडिवुटि, फूल समेत) उत्पादन बाट वाइन तथा साईडर उत्पादन गर्ने उद्योग दर्ता गर्दा कम्तिमा ५,००० वर्ग मिटर क्षेत्रफलको जग्गाको व्यवस्था गर्नु पर्ने छ ।

इ) कारखाना भवन पक्की (न्युनतम पक्की गारो र सुरक्षित छाना) हुनु पर्नेछ । कारखाना परिसरमा कम्पाउण्ड वाल लगाईएको हुनु पर्नेछ ।

ई) उद्योगमा प्रयोग हुने Tank तथा Pipelines हरु Stainless Steel को हुनु पर्ने छ । तर Vat भने काठको समेत प्रयोग गर्न पाईनेछ । Plastic का Pipelines/Fittings प्रयोग गर्नै पर्ने भएमा Food Grade का मात्र प्रयोग गर्नु पर्नेछ ।

उ) Clean in Place (CIP) Facility तथा प्रयोगशालाको व्यवस्था हुनु पर्नेछ ।

ऊ) उद्योगले कम्तिमा १ जना Alcohocol Technologist/ Food Technologist/ Microbiologist को निगरानिमा उत्पादन गर्नुपर्नेछ ।

ए) वाइन तथा साईडरमा Alcohol को मात्रा १५ प्रतिशत भन्दा कम हुनु पर्नेछ ।

ऐ) उत्पादन गर्नु पूर्व खाद्य तथा गुण नियन्त्रण विभागबाट तोकिएको / तोकिने प्रक्रिया पुरा गर्नु पर्नेछ ।

ओ) आन्तरिक राजश्व विभागले तोकेको वा उपलब्ध गराएको Software Program बाट मात्र विजक जारि गर्नु पर्ने छ । उत्पादक वा विक्रेताको बिजक जारि गर्ने Software र Computer मा आन्तरिक राजश्व विभागले Online Connectivity माध्यमबाट निरन्तर पहुँच प्राप्त गर्ने सुविधा उपलब्ध गराउनु पर्नेछ ।

५. विद्यमान संचालनमा रहेका वाइन तथा साईडर उत्पादन गर्ने उद्योग सम्बन्धमाः

विद्यमानमा सञ्चालनमा रहेका वाइन तथा साईडर उत्पादन गर्ने उद्योगहरुले समेत न्युनतम रुपमा उल्लेखित जग्गाको व्यवस्था एवं भौतिक संरचनाको निर्माण अनुमति प्राप्त भएको मितिले २ (दुई) वर्ष भित्रमा सम्पन्न गर्नु पर्नेछ ।

६. अनुगमनः

अ) संयुक्त अनुगमन टोलिको गठन सम्बन्धित विभागले गर्नेछ ।

उद्योग विभागमा दर्ता भएका उद्योगहरुको हकमा

क) महानिर्देशकले तोकेको निर्देशक, उद्योग विभाग, संयोजक

ख) प्रतिनिधि, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको सदस्य

ग) महानिर्देशकले तोकेको अधिकृत, उद्योग विभाग, सदस्य सचिव

घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका उद्योगहरुको हकमा

क) महानिर्देशकले तोकेको निर्देशक, घरेलु तथा साना उद्योग विभाग, संयोजक

ख) प्रतिनिधि, आन्तरिक राजश्व विभाग वा विभागले तोकिएको सदस्य

ग) प्रतिनिधि, सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय, सदस्य

घ) महानिर्देशले तोकेको अधिकृत, घरेलु तथा साना उद्योग विभाग, सदस्य सचिव

आ) माथि (१) मा उल्लेखित अनुगमन टोलीले निम्न थप विषयमा समेत अनुगमन गर्नेछ।

(क) प्रस्तावित मापदण्ड, इजाजत पत्र तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्त पालना गरे/नगरेको

(ख) स्वीकृत क्षमता भन्दा बढी उत्पादन गरे/नगरेको

(ग) राजश्व आम्दानी, कच्चा पदार्थ खपत, प्रतिफल (Recovery) इत्यादि

(घ) सम्बन्धित विभागले तोके बमोजिमका अन्य विषयहरु

इ) अनुगमन टोलीले अनुगमन पश्चात आफ्नो प्रतिवेदन सम्बन्धित विभागहरुमा प्रस्तुत गर्नेछ।

७. अनुमति पत्र खारेजी, जरिवानाः

अ) तोकिएको मापदण्ड अनुरुप कार्य गरेको नपाइएमा अनुमति पत्र खारेजी एवं औ. व्य. ऐन तथा अन्य प्रचलित ऐन बमोजिम कार्यवाही, जरिवाना गर्न सकिनेछ।

## पहाडी क्षेत्रको हकमा स्वीकृत मापदण्डमा उल्लेखित जग्गाको क्षेत्रफल सम्बन्धमा पुनरावलोकन गर्नु पर्ने सम्बन्धमाः

१. उल्लेखित विषय वियर तथा मदिरा उद्योगको मापदण्डसँग सम्बन्धित भएको कार्यदलको बुझाई रहेको हुँदा मदिरा तथा वियरको मापदण्ड पुनरावलोकन गरि प्रतिवेदन पेश गर्न छुट्टै कार्यदल गठन भएकोले प्रस्तुत विषयमा सोही कार्यदलबाट अध्ययन गरि प्रतिवेदन पेश हुन मुनासिव हुने व्यहोरा पेश गरेका छौं।